नेपाल नागरिक उड्डयन प्राधिकरण

# नेपालगंज नागरिक उड्डयन कार्यालय

## राँझा,बाँकेको

## सरसफाई कर्ता, रनर, माली, तथा पालेपहरेदार जनशक्तिको सेवा प्राप्त गर्ने सम्बन्धी सिलवन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- **२०७४।०८।२०**

यस कार्यालयलाई आगामी २०७४।१०।०१ देखि १ बर्ष अवधिका लागि देहायका जनशक्तिहरुको सेवा प्राप्त गर्न आवश्यक भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन २०७३ सहित) को नियम ९५ बमोजिम सो कार्य गर्ने जनशक्तिको व्यवस्था गर्न मू.अ.करमा दर्ता भएका इच्छुक फर्म,संघ संस्थाहरुबाट निम्न लिखित शर्त बमोजिम रीतपूर्वकको सिलवन्दी प्रस्ताव आव्हान गरिन्छ ।

१ जनशक्तिको विवरण : (क) सरसफाईकर्ता (ख) रनर (ग) माली (घ) ,पालेपहरेदार

२. प्रस्ताव डकुमेन्ट खरिद गर्नको लागि मू.अ.कर सहित रू. ३,३९०/- (पछि फिर्ता नहुने) नगदै यस कार्यालयको राजश्व शाखामा दाखिला गरी सोको सक्कल रसिद, अध्यावधिक फर्म रजिष्ट्रेशन प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाण पत्र,नेपाली नागरिकताको प्रमाण पत्र नोटरी पब्लीकबाट प्रमाणित प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस कार्यालयको प्रशासन शाखाबाट खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलवन्दी प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

३. प्रस्ताव डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव डकुमेन्ट्स खरिद गर्न सकिनेछ । प्रस्ताव डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे भित्र प्रस्ताव डकुमेन्ट्स दाखिला गर्नुपर्नेछ । उक्त दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समय भित्र दाखिला गर्न सकिनेछ ।

४. प्राप्त हुन आएका प्रस्तावहरु दाखिला गर्ने अन्तिम दिनको दिउँसो २:०० बजे यस कार्यालयमा प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

५. प्रस्तावका साथ अनुमानित लागत रकमको नियमानुसार हुन आउने देहाय बमोजिमको धरौटी रकम नेपाल राष्ट्र बैंक नेपालगंज स्थित यस कार्यालयको धरौटी चल्ती खाता नं. २१०६११०–००१–००३–५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको र सिलबन्दी प्रस्ताव खोल्ने मिति देखि कम्तीमा ४ महिना (१२० दिन) मान्य अवधी भएको बैंक जमानी पत्र (Bid Bond) पेश गर्नुपर्नेछ । नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टीमा परिणत गर्न पाइने छैन । स्वीकृत प्रस्तावदाताले धरौटी वापत नगद राखेकोमा ५ (पांच) प्रतिशतमा बांकी हुन आउने रकम नगद धरौटी उक्त खातामा जम्मा गरेको सक्कल भौचर र बैंक जमानी पत्र (Bid Bond) राखेकोमा कूल रकमको ५ प्रतिशतले हुने रकम वरावरको सम्झौता समाप्त हुने मिति भन्दा तिन महिना पछि सम्म मान्य हुने मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको Performance Bond पेश गरी सम्झौता गर्नुपर्नेछ ।

| सि.नं. | सेवा प्राप्त गर्नु पर्ने जनशक्तिको विवरण | धरौटी रकम रु. |
|---|---|---|
| १ | सरसफाईकर्ता, रनर ,माली एवं पालेपहरेदार | १,५९,०००।– |

६. शर्त सहितको प्रस्ताव मान्य हुने छैन ।

७. प्रस्तावदाताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. प्रदान गर्नुपर्ने सेवा सम्बन्धि योग्यता, अन्य शर्तहरु कार्यालय बाट बिक्रि हुने सिलबन्दी प्रस्तावमा उल्लेख गरिने छ ।

९. प्रस्तावदाताले सेवा करारमा काम गर्ने जनशक्तिको पारिश्रमिक (चाडपर्व खर्च,पोशाक खर्च र वीमा खर्च बाहेक) रकमको ५ प्रतिशत सेवा शुल्क वा संचालन खर्च (Overhead) मा नबढ्ने गरी मात्र प्रतिस्पर्धा गर्नु पर्ने छ । सो भन्दा बढी प्रतिशत उल्लेख भएको प्रस्ताव मान्य हुने छैन ।

१०. रित नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

११. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियम, एवं सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

**प्रस्ताव डकुमेन्ट्स खरिद गर्ने अन्तिम मिति : २०७४।०९।०५ गते बुधवारको कार्यालय समय सम्म ।**

**सिलबन्दी प्रस्ताव दर्ता गर्ने अन्तिम मिति : २०७४।०९।०६ गते विहीवार दिनको १२:०० बजे सम्म ।**

**सिलबन्दी प्रस्ताव खोल्ने मिति : २०७४।०९।०६ गते विहीबार दिनको २:०० बजे ।**